Language Code : **13**

इस पुस्तिका में **16** मुद्रित पृष्ठ हैं।
This booklet contains **16** Printed pages.

# SED-24-II

**प्रश्न-पत्र-II / PAPER-II**
**नेपाली भाषा परिशिष्ट**
**Nepali Language Supplement**
**भाग-IV & V / PART-IV & V**

मुख्य परीक्षा पुस्तिका संख्या / Main Test Booklet No.

मुख्य परीक्षा पुस्तिका कोड / Main Test Booklet Code

**D**

**इस परीक्षा पुस्तिका को तब तक न खोलें जब तक कहा न जाए।**
**Do not open this Test Booklet until you are asked to do so.**
**इस परीक्षा पुस्तिका के पिछले आवरण (पृष्ठ 15 व 16) पर दिए निर्देशों को ध्यान से पढ़ें।**
**Read carefully the Instructions on the Back Cover (Page 15 & 16) of this Test Booklet.**

**नेपाली में निर्देशों के लिए इस पुस्तिका का पृष्ठ 2 देखें। / FOR INSTRUCTIONS IN NEPALI SEE PAGE 2 OF THIS BOOKLET.**

## परीक्षार्थियों के लिए निर्देश

1. यह पुस्तिका मुख्य परीक्षा पुस्तिका की एक परिशिष्ट है, उन परीक्षार्थियों के लिए जो **या** तो भाग IV (भाषा I) **या** भाग V (भाषा II) **नेपाली** भाषा में देना चाहते हैं, लेकिन **दोनों नहीं**।
2. परीक्षार्थी भाग I एवं भाग II **या** III के उत्तर मुख्य परीक्षा पुस्तिका से दें और भाग IV व V के उत्तर उनके द्वारा चुनी भाषाओं से।
3. अंग्रेज़ी व हिन्दी भाषा पर प्रश्न मुख्य परीक्षा पुस्तिका में भाग IV व भाग V के अन्तर्गत दिए गए हैं। भाषा परिशिष्टों को आप अलग से माँग सकते हैं।
4. इस पृष्ठ पर विवरण अंकित करने एवं OMR उत्तर पत्र पर निशान लगाने के लिए **केवल काले/नीले बॉल पॉइंट पेन** का प्रयोग करें।
5. इस भाषा पुस्तिका का **संकेत** है **D**। यह सुनिश्चित कर लें कि इस भाषा परिशिष्ट पुस्तिका का संकेत, OMR उत्तर पत्र के **पृष्ठ-2** एवं मुख्य परीक्षा पुस्तिका पर छपे संकेत से मिलता है। अगर यह भिन्न हो, तो परीक्षार्थी दूसरी भाषा परिशिष्ट परीक्षा पुस्तिका लेने के लिए निरीक्षक को तुरन्त अवगत कराएँ।
6. इस परीक्षा पुस्तिका में **दो** भाग IV और V हैं, जिनमें **60** वस्तुनिष्ठ प्रश्न हैं, जो प्रत्येक 1 अंक का है :
   भाग-IV : भाषा-I (नेपाली) (प्र. 91 से प्र. 120)
   भाग-V : भाषा-II (नेपाली) (प्र. 121 से प्र. 150)
7. भाग-IV में भाषा-I के लिए 30 प्रश्न और भाग-V में भाषा-II के लिए 30 प्रश्न दिए गए हैं। इस परीक्षा पुस्तिका में केवल नेपाली भाषा से संबंधित प्रश्न दिए गए हैं। **यदि भाषा-I और/या भाषा-II में आपके द्वारा चुनी गई भाषा(एँ) नेपाली के अलावा है तो कृपया उस भाषा वाली परीक्षा पुस्तिका माँग लीजिए। जिन भाषाओं के प्रश्नों के उत्तर आप दे रहे हैं वह आवेदन पत्र में चुनी गई भाषाओं से अवश्य मेल खानी चाहिए।**
8. **परीक्षार्थी भाग-V (भाषा-II) के लिए, भाषा सूची से ऐसी भाषा चुनें जो उनके द्वारा भाषा-I (भाग-IV) में चुनी गई भाषा से भिन्न हो।**
9. रफ कार्य परीक्षा पुस्तिका में इस प्रयोजन के लिए दी गई खाली जगह पर ही करें।
10. सभी उत्तर केवल OMR उत्तर पत्र पर ही अंकित करें। अपने उत्तर ध्यानपूर्वक अंकित करें। उत्तर बदलने हेतु श्वेत रंजक का प्रयोग निषिद्ध है।

## INSTRUCTIONS FOR CANDIDATES

1. This booklet is a supplement to the Main Test Booklet for those candidates who wish to answer **EITHER** Part IV (Language I) **OR** Part V (Language II) in **NEPALI** language, but **NOT BOTH**.
2. Candidates are required to answer Part I and Part II **OR** III from the Main Test Booklet and Parts IV and V from the languages chosen by them.
3. Questions on English and Hindi languages for Part IV and Part V have been given in the Main Test Booklet. Language Supplements can be asked for separately.
4. Use **Black/Blue Ball Point Pen only** for writing particulars on this page/ marking responses in the OMR Answer Sheet.
5. The CODE for this Language Booklet is **D**. Make sure that the CODE printed on **Side-2** of the OMR Answer Sheet and on your Main Test Booklet is the same as that on this Language Supplement Test Booklet. In case of discrepancy, the candidate should immediately report the matter to the Invigilator for replacement of the Language Supplement Test Booklet.
6. This Test Booklet has **two** Parts, IV and V, consisting of **60** Objective Type Questions, each carrying 1 mark :
   Part-IV : Language-I (Nepali) (Q. 91 to Q. 120)
   Part-V : Language-II (Nepali) (Q. 121 to Q. 150)
7. Part-IV contains 30 questions for Language-I and Part-V contains 30 questions for Language-II. In this Test Booklet, only questions pertaining to Nepali language have been given. **In case the language/s you have opted for as Language-I and/or Language-II is a Language other than Nepali, please ask for a Test Booklet that contains questions on that language. The language being answered must tally with the languages opted for in your Application Form.**
8. **Candidates are required to attempt questions in Part-V (Language-II) in a language other than the one chosen as Language-I (in Part-IV) from the list of languages.**
9. Rough work should be done only in the space provided in the Test Booklet for the same.
10. The answers are to be recorded on the OMR Answer Sheet only. Mark your responses carefully. No whitener is allowed for changing answers.

परीक्षार्थी का नाम (बड़े अक्षरों में) : ____________________
Name of the Candidate (in Capitals) :
अनुक्रमांक : (अंकों में) / Roll Number : in figures ____________________
: शब्दों में / in words ____________________
परीक्षा केन्द्र (बड़े अक्षरों में) : ____________________
Centre of Examination (in Capitals) :
परीक्षार्थी के हस्ताक्षर : ____________________ निरीक्षक के हस्ताक्षर : ____________________
Candidate's Signature : Invigilator's Signature :
Facsimile Signature Stamp of
Centre Superintendent : ____________________

Language Code : **13**

यस पुस्तिकामा **16** पृष्ठ छन्।

# SED-24-II

**प्रश्नपत्र–II**

**नेपाली भाषा परिशिष्ट खण्ड**

**भाग IV र V**

**परीक्षा पुस्तिका सङ्केत**

**D**

**यो परीक्षा पुस्तिका तब मात्र खोल्नु होस् जब तपाईँलाई खोल्न भनिन्छ।**

**यस परीक्षा पुस्तिकाको पछिल्लो आवरणमा ( पृष्ठ 15 व 16 ) दिइएको निर्देश ध्यानले पढ्नु होस्।**

**परीक्षार्थीहरूका लागि निर्देश :**

1. यो पुस्तिका मुख्य परीक्षा पुस्तिकाको परिशिष्ट हो। ती परीक्षार्थीहरूका लागि जसले **कि** त भाग IV (भाषा I) **कि** भाग V (भाषा II) **नेपाली** भाषामा दिन सक्छन् तर **दुवैमा होइन**।
2. परीक्षार्थीले भाग I, II, III का उत्तर मुख्य परीक्षा पुस्तिकाबाट दिनु पर्छ र भाग IV र V का उत्तर उनीहरूले छानेको भाषाबाट।
3. अङ्ग्रेजी र हिन्दी भाषामा यी प्रश्न मुख्य परीक्षा पुस्तिकामा भाग IV र V अन्तर्गत दिइएका छन्। भाषा परिशिष्ट तपाईँ अलग्गै माग्न सक्नु हुने छ।
4. यस पृष्ठमा विवरण अङ्कित गर्न एवं OMR उत्तर पुस्तिकामा चिह्न लगाउनका लागि **केवल निलो/कालो बल पोइन्ट पेन** मात्रै प्रयोग गर्नु होस्।
5. यो भाषा पुस्तिकाको **सङ्केत D** हो। के सुनिश्चित गर्नु होस् भने यो भाषा परिशिष्ट पुस्तिकाको सङ्केत, OMR उत्तरपत्रको **पृष्ठ–2** एवं मुख्य परीक्षा पुस्तिकामा छापिएको सङ्केतसित मिल्छ। यदि यो भिन्नै छ भने परीक्षार्थीले दोस्रो भाषा परिशिष्ट परीक्षा पुस्तिका लिनका लागि निरीक्षकलाई तत्कालै जनाउनु पर्ने छ।
6. यस पुस्तिकामा **दुई** भाग IV र V छन्, जसमा **60** वटा वस्तुनिष्ठ प्रश्न छन् र ती प्रत्येक 1 अङ्कका छन्।
   **भाग - IV : भाषा - I ( नेपाली )** *(प्र 91 बाट प्र 120)*
   **भाग - V : भाषा - II ( नेपाली )** *(प्र 121 बाट प्र 150)*
7. **भाग - IV** मा भाषा - I का लागि 30 प्रश्न र भाग - V भाषा-II का लागि 30 प्रश्न दिइएका छन्। **यदि तपाईँको भाषा I वा II नेपालीका अतिरिक्त छ भने कृपया त्यस भाषासित सम्बन्धित परीक्षा पुस्तिका माग्नु होस् जुन तपाईँको आवेदन पत्रमा अङ्कित थियो।**
8. **परीक्षार्थीले भाग V ( भाषा II ) का लागि भाषा सूचीबाट यस्तो भाषा छान्नु पर्छ जो उनीद्वारा भाषा I (भाग IV ) मा छानिएको भाषाबाट भिन्न होस्।**
9. कच्चा काम परीक्षा पुस्तिकामा दिइएको खाली स्थानमा नै गर्नु होस्।
10. सबै उत्तर केवल **OMR** उत्तर पत्रमा अङ्कित गर्नु होस्। आफ्नो उत्तर ध्यानपूर्वक अङ्कित गर्नु होस्। उत्तर बदल्नका लागि श्वेतरञ्जकको प्रयोग निषेध छ।

विद्यार्थीको नाम (ठुलो अक्षरमा) : ____________________

अनुक्रमाङ्क : अङ्कमा : ____________________

: शब्दमा : ____________________

परीक्षा केन्द्र : ____________________

परीक्षार्थीको हस्ताक्षर : ____________ निरीक्षकको हस्ताक्षर : ____________

Facsimile signature stamp of
Centre Superintendent ____________________

परीक्षार्थीहरूले **भाषा–I** का रूपमा **नेपाली** चयन गरेका छन् भने, उनीहरूले **भाग–IV** ( **प्रश्न 91–120** ) का प्रश्नहरूका उत्तर दिनु पर्ने छ।

Candidates should attempt the questions from **Part-IV (Q.No. 91-120)**, if they have opted **NEPALI** as **Language-I** only.

## PART-IV
## LANGUAGE-I
## NEPALI

परीक्षार्थीहरूले **भाषा-I** का रूपमा **नेपाली** चयन गरेका छन् भने, उनीहरूले **भाग-IV ( प्रश्न 91-120 )** का प्रश्नहरूका उत्तर दिनु पर्ने छ।

**निर्देश : तलको अनुच्छेद पढ्नु होस् अनि सोधिएका प्रश्नहरू (91-99) का सही उत्तर चिह्नित गर्नु होस्।**

यहाँ गाना थियो, कविता थियो। आशुकविहरूको कलम त्यत्तिको छिटो चल्न सक्तैनथ्यो, जत्तिको यिनका जिभ्राको सरस्वती। एकतर्फ प्रश्न उठ्थ्यो, अर्कोतर्फ तत्काल उचित जवाफ आउँथ्यो, फेरि लयदार सुरिलो छन्दमा। यस्तो विदित हुन्थ्यो, मानौँ 'शारदा'-का कविताहरू त छन्दका कठिन कसरत मात्र हुन्। त्यहाँ अटुट प्रवाह थियो, भुलभुलावट थियो, जो त्यस पत्रिकामा आउने जमेका साह्रा टुक्राहरूमा देखिन्न। तिनको आवाज सुन्दा त अलङ्कार, अनुप्रास, उपमाका बोझाहरू कविताका गलफन्द मात्र हुन् भन्ने लाग्दथ्यो। यिनमा त्यो सरल माधुर्य थियो जो भावको भाषामा मात्र हुन्छ, विचारका भाषामा पाइन्न। सर्वसाधारण मानिसलाई पनि जब उत्तेजित भावले छुन्छ, तब तिनीहरूका उच्चारणमा विचित्र रसको प्रादुर्भाव हुन्छ। मानिसका सच्चा रुवाइमा सधैँ कविता हुन्छ, त्यस्तै सच्चा उल्लासमा। हामी कविता बनाउन चाहन्छौँ। निकाल्न चाहँदैनौँ। यिनीहरू बनाउँदैनन्। भित्रैबाट झिक्तछन्। हाम्रो शब्दको चातुरी छ, यिनको भावको माधुरी। जडाउरी शब्दका माला गाँस्ने कविहरू मसँग आषाढको पन्ध्रमा आउन्। चर्को कृत्रिम रङ्ग चढाउन खोज्नेलाई पनि मेरो निमन्त्रणा छ। म दही चिउरा खुवाउन चाहन्नँ गीत सुनाउन चाहन्छु। हाम्रो तलतिर रोपाइँ पनि चलिरहेको थियो, केही खेलबहाड पनि। साथ-साथमा एउटीले अर्कीलाई अलिकति हातको हिलो छ्यापिदिइन्। आजको दिन हिलो छ्याप्नु पनि प्रेम र आनन्दको बहाड सम्झिइन्छ। हिलोका छिर्का र बुट्टाहरू आजलाई ग्रामीण युवतीका वस्त्र र बदन दुवैको सुन्दर शृङ्गार छन्। प्रेम र खुसियालीको हिलो, द्वेष र ईर्ष्याको दाग जस्तो देखिँदैन।

**91.** कस्ता अवस्था वा स्थितिको अभिव्यक्तिमा कविता हुन्छ भन्ने लेखकको भनाइ छ?
(1) परोपकारी भावको स्फुरणमा
(2) मानिसका आनन्दका क्षणमा
(3) परिश्रम गरिरहेका बेला
(4) मानिसका प्रकृत हर्ष र रोदनमा

**92.** 'कृत्रिम' कुन वर्गको शब्द हो?
(1) नामयोगी (2) नाम (3) विशेषण (4) क्रियायोगी

**93.** 'अनुप्रास' र 'उपमा' के हुन्?
(1) अलङ्कारका नाम (2) छन्दका नाम (3) कविताका प्रकार (4) गीतका प्रकार

**94.** अनुच्छेदमा उल्लेख गरिएको, मानिसहरूले गाइरहेको गीतको शैली कुन किसिमको छ?
(1) प्रश्नोत्तरी (2) आख्यानात्मक (3) एकल (4) निर्देशात्मक

**95.** अनुच्छेदमा भएको विवरण कुन ऋतुसित सन्दर्भित छ?
(1) वर्षा (2) ग्रीष्म (3) शरद् (4) वसन्त

**96.** अनुच्छेदमा आएको 'शारदा' के हो?
(1) छन्दोबद्ध कविता (2) देवी सरस्वती (3) पत्रिका (4) कविता सङ्कलन

**97.** 'जडाउरी' शब्दको अर्थ के हो?
(1) अश्लील वा असभ्य
(2) जोडेर बनाइएको
(3) सकी नसकी मिलाइएको
(4) थोत्रो वा पुरानो

**98.** छ्यापिदिँदा लागेको हिलोलाई कुन रूपमा हेरिएको छ?

(1) द्वेष र ईर्ष्याका दागका रूपमा (2) रोपाइँको अनिवार्य कार्यका रूपमा

(3) उच्छृङ्खल कार्यका रूपमा (4) लुगा र शरीरका शृङ्गारका रूपमा

**99.** अनुच्छेदमा उल्लिखित गानाका प्रसङ्गमा त्यस्ता रचनामा पाइने सौन्दर्य कस्ता भाषामा रचिएको मानिएको छ?

(1) सङ्केत भाषामा (2) विचारका भाषामा (3) भावका भाषामा (4) मनका भाषामा

**निर्देश : तलको कविता पढ्नु होस् अनि सोधिएका प्रश्नहरू (100-105) का सही उत्तर चिह्नित गर्नु होस्।**

खेतबारीभरि मैले सुनको बिउ छरी हलोको फालीले
हँसियाले हिरा–मोतीको बाली उठाउन खोजेँ
दुई आँखाबाट बर्बरी आँसु चुहाई
हजार आँखाका आँसु पुछ्न खोजेँ
बारीका कान्लाहरूमा तिम्रै मुहार छर्लङ्ग देखेँ
कारखानाका धुवाँहरूमा तिम्रै तस्विर रुमल्लिरहेको देखेँ
सायद यो मेरो धृष्टता नै थियो
मैले तिमीलाई आमाभन्दा महान् देखेँ।
यसैले मेरो देश!
मेरो आमा!
तिम्रा यी सुकोमल हातहरूले चाहे मेरो घाँटी निमोठ
तर म तिमीलाई आमा भन्न छाड्ने छुइनँ
तिमी मलाई कुट! मार! चाहे मेरो अस्तित्व शेष गर।
तर म तिमीलाई माया गर्न छाड्ने छुइनँ।

**100.** यस कविताको प्रस्तुतिगत शैली कस्तो छ?

(1) नाटकीय (2) शास्त्रीय छन्दको (3) लोक छन्दको (4) गद्यकविताको

**101.** कवितामा 'तिमी' भनेर कसलाई सम्बोधन गरिएको छ?

(1) धरतीलाई (2) देशलाई (3) आमालाई (4) कृषकलाई

**102.** 'हजार आँखाका आँसु पुछ्न खोजेँ' – यस पङ्क्तिमा कस्तो भाव प्रकट भएको छ?

(1) संत्रासपूर्ण (2) सहानुभूतिपूर्ण (3) एक्लो भएको (4) घृणापूर्ण

**103.** 'फाली' भनेको के हो?

(1) गोरुले हलो तान्दा अड्काउने डोरी (2) हलोको समाउने पट्टिको भाग

(3) हलोको जोतिने पट्टिको, अग्रभागको औजार (4) जुवासित जोडिने लामो काठ

**104.** 'सुकोमल' शब्द कसरी बनिएको छ?

(1) परसर्ग लागेर (2) सन्धि भएर (3) समास प्रक्रियाद्वारा (4) उपसर्ग लागेर

**105.** कवितामा भएको 'म' पात्र कसको प्रतिनिधि हो?

(1) श्रमजीवीहरूको (2) नेताहरूको

(3) शिक्षित बेरोजगारको (4) शिक्षण वृत्तिमा भएकाहरूको

**106.** 'सामग्रीको विश्वसनीयता' भन्नाले बुझिन्छ –

(1) ती सामग्री जुन नानीहरूले घरबाट लिएर आउँछन्।

(2) आफ्नो कक्षाका लागि शिक्षकले लेखेको सामग्री

(3) अधिकृत व्यक्तिहरूद्वारा विकसित लिखित सामग्री

(4) जीवनका वास्तविक विषयबारे लेखिएका अनि विकास गरिएका सामग्री

**107.** कक्षा V की छात्रा अपर्णा के बुझ्दछे भने, सुन्नु भनेको कुनै बोली वा अडियोको अर्थ बुझ्नका लागि प्रत्येक ध्वनि, शब्द अनि वाक्य सुन्नु हो। सुन्नु सिक्नका लागि उसले कुन विधिमा विश्वास राख्छे ?

(1) यो न ता अधोगामी न ता ऊर्ध्वगामी विधि हो

(2) अधोगामी विधि

(3) ऊर्ध्वगामी विधि

(4) अधोगामी तथा ऊर्ध्वगामी दुवै विधि

**108.** भाषा अध्ययनमा 'व्यवस्थित दक्षता' भन्नाले के बुझिन्छ ?

(1) सबै मानिसहरूमा धेरै भाषाहरूका व्यवस्था हुन्छन् भन्ने बुझ्नु

(2) भाषाले एउटा व्यवस्थाका रूपमा कार्य गर्छ भन्ने कुरा बुझ्नु अनि प्रयोग गर्नु

(3) भाषाको एउटा व्याकरणिक व्यवस्था हुन्छ भन्ने कुरा बुझ्नु अनि प्रयोग गर्नु

(4) सबै भाषाहरूको एउटा साझा संरचनात्मक व्यवस्था हुन्छ भन्ने बुझ्नु

**109.** तल एउटा पाठ वा केही भनाइ राखिएका छन्। यस पाठले कुन भाषिक प्रयुक्ति भेद बुझाउँछ, चिन्नु होस् –

भारतीय संविधानले प्रत्येक नागरिकलाई समान मान्यता दिँदछ। यसको अर्थ हो देशका प्रत्येक व्यक्ति, पुरुष वा स्त्री, प्रत्येक जात, धर्म, जनजाति, शैक्षिक अनि आर्थिक पृष्ठभूमिका मानिसहरूलाई समान मान्यता प्राप्त छ। यसो भन्नाको आशय यो होइन कि असमानताको अस्तित्व नै छैन। यो छैन। तर थोरैमा पनि के भन्न सकिन्छ भने गणतान्त्रिक भारतमा समानताको धारणालाई स्वीकार गरिएको छ।

(1) वैज्ञानिक प्रयुक्ति भेद (2) राजनीतिक प्रयुक्ति भेद

(3) समाजशास्त्रीय प्रयुक्ति भेद (4) कानुनी प्रयुक्ति भेद

**110.** विद्यार्थीहरूले पढ्ने पाठसित आफ्ना पूर्व ज्ञान अनि अनुभवलाई जोड्नका निम्ति कक्षा VI की शिक्षक एउटा प्रस्तुतिपूर्व आभ्यासिक क्रियाकलाप गराउँछिन्। तर पाठ पढाउन सुरु गर्न अघि उनी आफ्ना विद्यार्थीहरूलाई पढ्ने पाठ (कथा) बारे दृष्टान्तमूलक चित्र हेर्न लगाउँछिन्। उनी आफ्ना विद्यार्थीहरूले के गरून् भन्ने चाहन्छिन् ?

(1) उनीहरूलाई दृष्टान्तमूलक चित्र बुझ्न लगाउनु

(2) दृष्टान्तमूलक चित्र हेरेर कथाको दृश्याङ्कन गर्नु

(3) दृष्टान्तमूलक चित्रको प्रशंसा गर्नु

(4) पढ्ने पाठबारे पूर्वानुमान लगाउनु

**111.** विद्यार्थीद्वारा गरिएको अध्ययनको दृष्टान्त रहेको रेकर्डलाई भनिन्छ –

(1) निदानात्मक जाँच (2) पोर्टफोलियो

(3) क्रमिक बोधपरक मूल्याङ्कन (4) प्रवीणताको मूल्याङ्कन

**112.** निम्नलिखित मध्ये कुन चाहिँ ग्रहण कौशल हुन् ?

(1) सुन्नु अनि पढ्नु (2) सुन्नु अनि लेख्नु (3) पढ्नु अनि बोल्नु (4) बोल्नु अनि लेख्नु

**113.** धेरै भारतीयहरू जो रोजगारका लागि विदेश जान्छन् उनीहरू त्यस ठाउँको भाषा सिक्छन्। यस किसिमको अभिप्रेरणालाई के भनिन्छ ?

(1) यो न ता सहायक न ता समाकलित अभिप्रेरणा हो।

(2) समाकलित अनि सहायक अभिप्रेरणा दुवै

(3) समाकलित अभिप्रेरणा

(4) सहायक अभिप्रेरणा

**114.** निम्नलिखित मध्ये कुन चाहिँ शास्त्रीय भाषा होइन ?

(1) हिन्दी (2) तमिल (3) संस्कृत (4) तेलुगु

**115.** राष्ट्रिय शिक्षा नीति (NEP) 2020 अनुसार विदेशी भाषाको अध्ययनबारे निम्नलिखित कुन चाहिँ कुरा सही होइन ?

(1) फ्रेन्च भाषालाई एउटा अतिरिक्त विकल्पका रूपमा अध्ययन गर्न रिफारिस गरिएको छ।

(2) माध्यमिक स्तरमा एउटा अतिरिक्त विकल्पका रूपमा विदेशी भाषाको अध्ययन

(3) त्रय भाषा सूत्र अन्तर्गत एउटा भाषाका रूपमा विदेशी भाषाको अध्ययन संलग्न गराइनु

(4) त्रय भाषा सूत्र अन्तर्गत पढाइने तीनवटा भाषाहरूमा विदेशी भाषा संलग्न गराइनु

**116.** निम्नलिखित कुन चाहिँले 'भाषाबारे जान्नु' भन्ने बुझाउँछ ?

(1) नीतिगत दक्षता (2) निर्देशात्मक ज्ञान (3) कार्यप्रणालीगत ज्ञान (4) व्याकरणिक ज्ञान

**117.** कक्षा VI की शिक्षक बोल्ने क्रियाकलापका लागि निम्नलिखित कार्यको विकास गर्छिन् –
'मरुभूमि अनि त्यहाँको जलवायुको अवस्थाबारे पाँचवटा वाक्य बोल।'

यो एउटा राम्रो कार्य अभ्यास हो वा राम्रो कार्य अभ्यास होइन ? विकल्पबाट तपाईँको उत्तर अनि त्यसको कारण छान्नु होस् –

(1) यो एउटा राम्रो कार्य होइन कारण मरुभूमि र त्यहाँको जलवायुको अवस्थाबारे बोल्ने सूचना नरहेकाले यसमा सन्दर्भको कमी छ।

(2) यो एउटा राम्रो कार्य हो कारण विद्यार्थीहरूले आफ्नो भूगोल कक्षामा मरुभूमिबारे पढेका हुन सक्छन्, त्यसैले उनीहरूलाई बोल्नका निम्ति सूचना प्राप्त हुने छ।

(3) यो एउटा राम्रो कार्य हो कारण कुनै विषयबारे बोल्न यसले विद्यार्थीलाई समर्थ बनाउँछ, जस्तो यहाँ मरुभूमिको विषय छ।

(4) यो एउटा राम्रो कार्य होइन, कारण कति विद्यार्थीहरूले मरुभूमिबारे जानेका हुँदैनन्।

**118.** कुनै एउटा भाषाका भाषिकाबारे निम्नलिखित कुन कथन सही हो ?

(1) कहिले काहीँ भिन्न भिन्न सामाजिक समूहले एउटै भाषाका विभिन्न भाषिका बोल्छन्।

(2) भाषाका भाषिकाहरूमा क्षेत्रगत विविधता पाइन्छ।

(3) कुनै एउटा भाषाका भिन्न भिन्न भाषिकाका वक्ताहरूले अन्य भाषिकाका वक्ताहरूको बोली बुझ्दछन्।

(4) भाषिका ठुलो वर्ग हो अनि भाषा सानो वर्ग हो।

**119.** निम्नलिखित कुन चाहिँ कार्यले समाकलित अध्ययन कौशलको प्रवर्द्धन गराउँछ ?

(1) कुनै लेख लेख्नु (2) भूमिका खेल

(3) कार्य (assignment) (4) परियोजना कार्य

**120.** सन्दर्भपरक व्याकरण शिक्षणमा निम्नलिखित नीतिलाई के भनिन्छ ?

सन्दर्भमा भाषिक सामग्रीको परिचय गराउनु, सिकारुहरूलाई भाषिक सामग्रीमा ध्यान दिन लाउनु, सामग्रीलाई जीवनका वास्तविक स्थितिमा प्रयोग गर्न समर्थ गराउनु अनि पत्तो लगाएर निर्माण गर्नका लागि सिकारुको ध्यान आकर्षित गराउनु।

(1) चेतना वृद्धि (2) रूपरेखा निर्माण गर्नु

(3) निगमनात्मक विधि (4) अन्वेषणात्मक विधि

परीक्षार्थीहरूले **भाषा–II** का रूपमा **नेपाली** चयन गरेका छन् भने, उनीहरूले **भाग–V ( प्रश्न 121–150 )** का प्रश्नहरूका उत्तर दिनु पर्ने छ।

Candidates should attempt the questions from **Part-V (Q.No. 121-150)**, if they have opted **NEPALI** as **Language-II** only.

## PART-V

## LANGUAGE-II

## NEPALI

परीक्षार्थीहरूले **भाषा-II** का रूपमा **नेपाली** चयन गरेका छन् भने, उनीहरूले **भाग-V ( प्रश्न 121-150 )** का प्रश्नहरूका उत्तर दिनु पर्ने छ।

**निर्देश : तलको अनुच्छेद पढ्नु होस् अनि सोधिएका प्रश्नहरू (121-128) का सही उत्तर चिह्नित गर्नु होस्।**

जहाँ जमिन भिरालिएर गएको छ, हामीलाई यस्तो वस्तु चाहिन्छ जसले जमिनभित्र पसेर माटोलाई बलियोसित समातेर राख्न सक्छ। अर्थात् जमिनभित्र चारैतिर फैलिने तथा गहिरिएर जाने ठुला रुखहरूका जराहरू हामीलाई चाहिन्छन्। भिरालो पर्वतीय भूमिमा अन्य कुनै वस्तुले माटोलाई पक्रेर राख्न सक्दैन। ती वृक्षहरू साथसाथै बसेको हुनु पर्दछ जसमा ती जराहरू एकअर्कामा छुन अनि बेह्रिन सक्छन्, विभिन्न थरीका एवं स्वभावका जरा प्रणालीहरू त्यहाँ हुनु पर्दछ – कोही सिधै गहिरिएर जाने, कोही जमिनको माथिल्लो तहमा फैलिँदै जाने, जसमा ती जराहरूले माटोलाई जोडसित पक्रेर सुरक्षित राख्दछन्। पहाडी भूमिमा भएको एउटा स्वस्थ वनले आश्चर्यजनक परिमाणमा काठपात उपलब्ध गराउन सक्छ। तैपनि अधिकांश मानिसहरूका विचारमा हिमालय फल उत्पादन हुने क्षेत्र होइन न ता काठपातकै क्षेत्र हो, ऊन तथा अन्नबाली उब्जाउने इलाका पनि होइन। हिमालय एउटा यस्तो जमिनको टुक्रा हो जुन दृष्टिगत रूपले अति विस्मयकारी र ज्ञानवर्द्धक छ; यो यथावत् कार्य परिवेशदेखि यति भिन्नै छ कि हामीलाई नयाँ मानसिक र आध्यात्मिक स्फूर्ति र जोस दिएर चङ्गा राखिदिने सामर्थ्य यसमा छ। आफ्नो उत्साह र जीवनशक्तिको ब्याटरीलाई फेरि तेजिलो बनाउन हामी हिमालयको दर्शन गर्छौं। हिमालयलाई त्यसै बित्थैमा ईश्वरीय स्थानको उपमा दिइएको छैन। आधिकारिक तथा दफ्तरीय भाषामा हिमालय भन्नाले एउटा पर्यटन क्षेत्र बुझिन्छ।

**121.** पहाडी भिरालो क्षेत्रमा वृक्षादिको विशेष भूमिका के छ?

(1) पर्यटनको विकास

(2) पहाडी भूमि खेतीका लागि उपयुक्त नहुँदा

(3) माटो धस्किएर जानबाट संरक्षण गर्न

(4) वृक्षादिको वृद्धिका लागि पहाडी भूमि उपयुक्त हुनु

**122.** हिमालय क्षेत्रको पर्यटनले के लाभ हुन्छ?

(1) मानसिक रूपले स्वस्थ रहने यो प्राथमिक उपाय हो।

(2) यसले मानिसलाई उत्साह र स्फूर्ति प्रदान गर्छ।

(3) यसले राजस्वमा वृद्धि गराउँछ।

(4) मानिसलाई अधिक भौतिक साधन चाहिँदैन।

**123.** हिमालय कस्तो भूखण्ड हो?

(1) मानव सभ्यताको विकासका निम्ति बाधक  (2) प्रशस्त काठपातका लागि उपयुक्त

(3) खेतीपातीका लागि उपयुक्त  (4) विस्मयकारी तथा ज्ञानवर्द्धक

**124.** उपर्युक्त अनुच्छेदमा लेखकले मूलत: कस्तो विचार व्यक्त गरेका छन्?

(1) आध्यात्मिक  (2) पर्यावरण चेतनामूलक

(3) व्यवसायमूलक  (4) मानव संसाधन विकासका उद्देश्यले प्रेरित

**125.** आधिकारिक रूपमा हिमालयलाई कसरी चिनिएको छ ?

(1) विस्मयकारी क्षेत्रका रूपमा

(2) ईश्वरीय स्थानका रूपमा

(3) काठपात उपलब्ध गराउने क्षेत्रका रूपमा

(4) पर्यटकीय क्षेत्रका रूपमा

**126.** 'अध्यात्म' शब्दबाट 'आध्यात्मिक' बनिँदा यस रूपान्तरणलाई कसरी चिन्न सकिन्छ ?

(1) विशेषणबाट विशेषण (2) नामबाट नाम (3) विशेषणबाट नाम (4) नामबाट विशेषण

**127.** पहाडी क्षेत्रमा कुन किसिमका वृक्षहरू लगाउनु वा हुनु उपयुक्त मानिन्छ ?

(1) विभिन्न किसिमका तथा ठुलाठुला (2) सक्दो एउटै जातका

(3) विशेष धेरै अग्लो नहुने जातका (4) धेरै मलजल गर्नु नपर्ने किसिमका

**128.** 'फैलिने' शब्दका विपरीतार्थक चिन्नु होस् –

(1) तुहुने, वैलाउने (2) छोटिने, फिँजिने (3) खुम्चिने, साँघुरिने (4) सुक्ने, घट्ने

**निर्देश : तलको अनुच्छेद पढ्नु होस् अनि सोधिएका प्रश्नहरू (129-135) का सही उत्तर चिह्नित गर्नु होस्।**

''कुरा यो हो; को कस्तो हो के काम गर्छ म उसको पहिरनबाट, उसको कुराबाट भन्न सक्छु। तपाईँको रगत खाने आजसम्म मैले धोका खाएको छैन, कम से कम यस विषयमा। म पढ्न–लेख्न जान्दिनँ–अँ आफ्नो दस्तखत महिनावारी लिने बखतमा गर्न सक्छु र रामायणसम्म बाँच्छु। मैले यति पनि पढ्न ब्यारेकमै सिकेको, तर पढ्नमा नै लागेको भए तपाईँ जस्तो दुब्लो, पातलो, पहेँलो हुने थिएँ। म क्वेटा छाउनीमा छु। यहाँ गएको धेरै दिन भयो। मेरो एउटी दुलही पनि छ, तर यतै पहाडतिर। त्यो रोगी र बेकामकी छ तैपनि दुईवटा छोराछोरी भइहाले। म घर नगएको धेरै दिन भयो, जाने इच्छा पनि छैन। मेरी दुलही निश्चय नै अर्कासित गइसकेकी होली। छोराहरू पनि गुन्डा भइसके होलान् – अँ, सानो चाहिने चलाक जस्तो थियो, त्यसलाई पढाउने मेरो ठुलो खायस थियो तर को दुःख बेसाओस्। मेरो बाबुले मलाई पढाएनन् तैपनि म मजासँग छु। क्वेटामा नै एउटी दुलही खोजी हालेको छु। जहाँ गए पनि मन लाग्ने कुरा हुनु पर्छ।'' त्यसका कुरामा अब आनन्द आउन थाल्यो। त्यो बाटामा सबसित परिचित जस्तै गर्थ्यो। ''कता हिँडेको ?''

**129.** अनुच्छेदमा आएको 'दुलही' शब्दले के बुझाएको छ ?

(1) कान्छी स्वास्नी (2) बेहुली (3) स्वास्नी (4) बुहारी

**130.** 'खायस' को अर्थ के हो ?

(1) सम्पत्ति (2) इच्छा (3) दुःख (4) जिम्मावारी

**131.** 'तपाईँको रगत खाने' कुन किसिमको उक्ति हो ?

(1) धोका दिने शैलीको (2) गालीसूचक (3) कसम खाएको (4) अश्लीलतापूर्ण

**132.** 'म' पात्र किन धेरै दिनदेखि घर गएको छैन ?

(1) उसकी स्वास्नी पोइल गइसकेकी हुनाले (2) घरको सम्झना नै नआएकाले

(3) उसका दुईवटा घर भएकाले (4) घर जाने इच्छा नै नभएकाले

**133.** 'म' पात्र शारीरिक रूपले कस्तो छ भनी अनुमान गर्न सकिन्छ ?

(1) स्वस्थ, बलियो (2) दुब्लो, पातलो, पहेँलो

(3) रोगी, अस्वस्थ (4) होचो, मोटो

**134.** उपर्युक्त अनुच्छेदमा 'म' भएर आफ्ना विषयमा बोल्ने मानिस को हो ?

(1) एकजना शिक्षक (2) एकजना व्यापारी (3) एकजना गल्लावाल (4) एकजना सैनिक

**135.** 'म' पात्रले बोलेका कुराबाट उसको स्वभाव कस्तो छ भनी जान्न सकिन्छ ?

(1) संयमित भई बोल्ने, गम्भीर (2) सङ्कोची अनि लज्जाशील

(3) मनमा कुरा नराख्ने, स्वच्छन्द (4) कुरा लुकाएर चलाकीसित गफ गर्ने

**136.** अश्विन जन्मदेखि नै ओडिया जान्दछ अनि अङ्ग्रेजी र हिन्दी पढ्छ। यस भनाइको आधारमा तलको कुन चाहिँ सही होइन खुट्ट्याउनु होस् –

(1) उसको अङ्ग्रेजी सिकाइ भाषा अधिग्रहण हो।

(2) उसको ओडिया सिकाइ भाषा अधिग्रहण हो।

(3) उसको हिन्दी सिकाइ भाषा अध्ययन हो।

(4) उसको अङ्ग्रेजी सिकाइ भाषा अध्ययन हो।

**137.** यान्त्रिक प्रोत्साहन त्यसलाई भनिन्छ, जब –

(1) कुनै व्यक्तिले पुस्तक लेख्नका लागि भाषा सिक्दछ।

(2) जब कुनै व्यक्तिले कुनै व्यावहारिक कारण, जस्तै रोजगारका लागि भाषा सिक्दछ।

(3) कुनै व्यक्तिले भाषाका मूल वक्ताहरूको नजिक हुनलाई भाषा सिक्दछ।

(4) कुनै व्यक्तिले आफ्ना समुदायको धार्मिक तथा सामाजिक कार्यहरूका लागि भाषा सिक्दछ।

**138.** कृपा र करण जम्ल्याहा हुन् र उनीहरू मणिपुरको एउटा विशेष भाषिका बोल्छन्, तथापि उनीहरूको बोलीमा अन्तर छ। त्यस भाषिकाको बोलाइमा उनीहरूको विशेषतालाई के भनिन्छ ?

(1) मणिपुरी (2) व्यक्ति बोली (3) भाषिका (4) बोली

**139.** भारतीय संविधानमा अङ्ग्रेजी भाषालाई कस्तो मान्यता दिइएको छ ?

(1) वैधानिक निकायको भाषा
(2) आधिकारिक भाषा
(3) सहआधिकारिक भाषा
(4) विदेशी भाषा

**140.** कुनै विद्यार्थीको कमजोरी अनि सामर्थ्य चिन्ने लक्ष्य राखिएको जाँचलाई के भनिन्छ ?

(1) रचनात्मक जाँच
(2) वस्तुनिष्ठ जाँच
(3) युक्तियुक्तता जाँच
(4) निदानात्मक जाँच

**141.** अदीतिलाई पूर्ण भूतकालको नियम थाहा छ, तर सन्दर्भ मिलाएर प्रयोग गर्न ऊ जान्दिन। उसमा कुन कुराको ज्ञान छ ?

(1) ज्ञानको प्रयोग
(2) भाषा अधिग्रहण उपकरण
(3) कार्यप्रणालीगत ज्ञान
(4) निर्देशात्मक ज्ञान

**142.** भाषाबारे तलको कुन चाहिँ कथन सही होइन ?

(1) कुनै भाषाले केवल विज्ञान र अभियान्त्रिकीलाई राम्रोसित अभिव्यक्त गर्दछ।
(2) भाषाले चिनारी वा परिचय अभिव्यक्त गर्दछ।
(3) भाषा इतिहासको भण्डार हो।
(4) मानवीय ज्ञानको समग्रतामा भाषाको योगदान रहन्छ

**143.** भाषा कक्षामा कुनै परियोजना कार्य बनाउँदा अनि खाँका तयार पार्दा कुन कुन क्रम राखिन्छ ?

(1) उनीहरूले चाहे जस्तो गरी शिक्षक र विद्यार्थी मिलेर खाँका तयार गरी परियोजना कार्य गर्न सक्छन्।
(2) समूह बनाउनु, योजना गर्नु, सामग्री सङ्कलन गर्नु, सामग्रीको विश्लेषण गर्नु, मस्यौदा तयार पार्नु, विषय तय गर्नु अनि अन्तिम प्रतिवेदन तयार पार्नु
(3) समूह बनाउनु, विषय तय गर्नु, योजना गर्नु, सामग्री सङ्कलन गर्नु, सामग्रीको विश्लेषण गर्नु, मस्यौदा तयार पार्नु अनि अन्तिम प्रतिवेदन तयार पार्नु
(4) समूह बनाउनु, विषय तय गर्नु, योजना बनाउनु, सामग्री सङ्कलन गर्नु, मस्यौदा तयार पार्नु, सामग्रीको विश्लेषण गर्नु अनि अन्तिम प्रतिवेदन तयार पार्नु

**144.** श्रवणबारे अधोगामी विधिमा रहन्छ –

(1) प्रत्येक ध्वनि, शब्द, वाक्यांश, पदबन्ध अनि वाक्य सुन्नु
(2) विशेष विवरणबारे ध्यान दिनु
(3) कुनै बोली, पाठ वा अडियोको सार अंश सुन्नु
(4) कुनै पाठ, बोली वा अडियोको जम्माजम्मी सन्देश सुन्नु

**145.** कक्षा VII की शिक्षक कुनै व्यक्तिको वर्णन गर्ने विषयबारे लेख्ने कार्य गराउन चाहन्छिन्। उनी कक्षा बाहिर जान्छिन् अनि एकजना हकरलाई उसको ढाकीसहित कक्षामा लिएर आउँछिन्। उनी त्यस व्यक्तिलाई सात मिनट जति कक्षामा बस्न अनुरोध गर्छिन् अनि आफ्ना विद्यार्थीहरूलाई जोडी जोडी भई बसेर त्यस व्यक्तिको वर्णन गर्दै लेख्न लगाउँछिन्।

यस क्रियाकलापमा हकर के हो भनी ठान्नु हुन्छ ?

(1) सामग्री
(2) शिक्षण सहायक
(3) हकर
(4) क्रियाकलापका एकजना सहभागी

**146.** कक्षा VII की शिक्षक आफ्ना विद्यार्थीहरूलाई पाठमा प्रस्तुत गरिएका कुनै मानिस वा समुदायको सामर्थ्य अनि परिचय बुझ्न छिटो छिटो पढ्न लाउँछिन्। शिक्षकले विद्यार्थीहरूमा कुन कुराको विकास गर्ने लक्ष्य राखेकी छन् ?

(1) साहित्यिक दक्षता
(2) भाषाको साक्षरता
(3) आलोचनात्मक साक्षरता
(4) विश्लेषणात्मक पठन

**147.** शास्त्रीय भाषाको अध्ययनबारे राष्ट्रिय शिक्षा नीति (NEP) 2020 ले लिएको पक्षबारे निम्नलिखित कुन सही हो ?

(1) माध्यमिक स्तरमा एउटा प्रमुख भाषाका रूपमा शास्त्रीय भाषाको अध्ययन
(2) माध्यमिक स्तरमा एउटा अतिरिक्त विकल्पका रूपमा शास्त्रीय भाषाको अध्ययन
(3) त्रय भाषा सूत्र अन्तर्गत एउटा विकल्पका रूपमा शास्त्रीय भाषाको अध्ययन
(4) आरम्भिक अवस्थामा शास्त्रीय भाषाको अध्ययन

**148.** तल एउटा पाठ राखिएको छ। पढ्नु होस् अनि यो पाठ कुन भाषिक प्रयुक्ति भेदमा पर्दछ, चिन्नु होस्।

अचानक आन्दोलनपछि यसलाई परिवर्तन गर्न सकिने देखिएको छ। युरोप अनि एसिया लगायत विश्वका धेरै भागहरूमा व्यक्तिगत अधिकारबारे रहेका नयाँ विचारधारा अनि सामाजिक वा सत्ता कसका अधीनमा थियो भन्ने विषयमा चर्चा सुरु भयो। भारतमा राजा राममोहन राय अनि डेरोजियोले फ्रान्सेली क्रान्तिको महत्त्वबारे चर्चा गरे। परिणामस्वरूप कलोनीहरूमा भएका विकासले सामाजिक परिवर्तनका यी नयाँ विचारधारालाई पुनः संरचित तुल्यायो।

(1) क्रान्ति प्रयुक्ति भेद
(2) विज्ञान प्रयुक्ति भेद
(3) राजनीतिक प्रयुक्ति भेद
(4) समाजशास्त्रीय प्रयुक्ति भेद

**149.** कक्षा VIII का शिक्षक सुवासलाई यस्तो पछुतो हुन्छ, ''भाषिक मूल्याङ्कनले सामान्यतः ग्रहण कौशललाई महत्त्व दिँदैन।'' यहाँ 'ग्रहण कौशल' भनेर उनले के बुझाउन चाहेका छन् ?

(1) बोल्ने अनि लेख्ने
(2) सुन्ने अनि लेख्ने
(3) बोल्ने अनि पढ्ने
(4) सुन्ने अनि पढ्ने

**150.** विद्यार्थीहरू भाषाले एउटा व्यवस्थाका रूपमा कार्य गर्छ भन्ने कुरा बुझ्छन् अनि प्रयोग गर्छन्। यसले कुन कुरा बुझाउँछ ?

(1) नीतिगत दक्षता
(2) सम्पर्कपरक दक्षता
(3) व्यवस्थित दक्षता
(4) समाजभाषिक दक्षता

**- o O o -**

SPACE FOR ROUGH WORK

**तल दिइएको निर्देशन ध्यानले पढ्नु होस्**

1. प्रश्नहरूका उत्तर कुन प्रकारले दिनु पर्ने हो भन्नेबारे उत्तर–पुस्तिकामा राम्ररी बुझाइएको छ, उत्तर दिनुभन्दा अघि ती राम्ररी पढ्नु होस्।

2. OMR को दोस्रो पातोमा दिइएका चार वैकल्पिक उत्तरहरूमध्ये केवल एउटा शुद्ध वृत्तलाई **निलो/कालो बल पेनले भरेर कालो** पार्नु होस्। एकपटक उत्तर कालो पारेपछि त्यसलाई सच्च्याउन पाइने छैन।

3. परीक्षार्थीले OMR उत्तर पुस्तिका भाँचभुच गर्न पाउने छैनन्। कुनै पनि उत्तरमाथि कोरकार गर्न पाउने छैनन्। निर्दिष्ट गरिएको बाहेक अन्यत्र कतै आफ्नो रोल नम्बर लेख्न पाइने छैन।

4. OMR उत्तर पत्र तथा परीक्षा पुस्तिकालाई विशेष रूपले ध्यान दिनु होस्। कुनै कारणवश परीक्षा पुस्तिका र OMR उत्तर पत्रको कोड वा सङ्ख्या यताउता परे मात्रै अर्को परीक्षा पुस्तिका दिइने छ।

5. परीक्षार्थीले दिइएको उत्तर पत्र/परीक्षा पुस्तिकामा कोड नम्बर आदि सही ढङ्गले लेख्नु पर्ने छ।

6. OMR उत्तर पुस्तिकामा दिइएका सूचनादि जाँच गर्ने र पढ्ने काम यन्त्रद्वारा गरिने हुँदा कुनै पनि सूचना अधुरो नरहोस् अनि प्रवेश पत्रमा दिइएको सूचनाभन्दा भिन्न पनि नहोस्।

7. परीक्षार्थीले परीक्षाको समयमा कुनै पाठ्यसामग्री, टङ्कित वस्तु, कागज, मोबाइल फोन र अन्य कुनै पनि विद्युतीय सामग्री आदि ल्याउन पाउने छैनन्।

8. मोबाइल फोन, वायरलेस संयन्त्र (स्विच अफ गरिएकै अवस्थामा भए पनि) अनि अन्य वर्जित वस्तुहरू परीक्षा कक्ष/हलमा ल्याउन पाइने छैन। यस निर्देशको पालना नगरिएमा परीक्षा नियमको पालना नगरिएको ठहर गरी कार्वाही गरिने छ, जसमा परीक्षा नै रद्द हुने कुरासम्म संलग्न छ।

9. आवश्यक र उचित समयमा परीक्षार्थीले आफ्नो प्रवेश पत्र देखाउनु पर्ने छ।

10. निरीक्षकको अनुमति बिना परीक्षार्थीले बाहिर जान पाउने छैनन् वा परीक्षा भवन छोड्न सक्ने छैनन्।

11. परीक्षार्थीले OMR उत्तर पुस्तिका नबुझाएसम्म परीक्षा भवन छोड्न पाउने छैनन्। परीक्षा भवन छोड्न अघि निरीक्षक पत्र, उपस्थिति पत्र आदिमा हस्ताक्षर गर्नु पर्ने छ। कुनै परीक्षार्थीले दोस्रो पल्ट उपस्थिति पत्रमा हस्ताक्षर गरेको छैन भने उत्तर पत्र नफर्काएको मानिने छ र यो अनुचित मुद्दा ठहऱ्याइने छ। उपस्थिति पत्रमा दिइएको स्थानमा परीक्षार्थीले आफ्नो देब्रे हातको बुढी औँलाको छाप अवश्य लाउनु पर्ने छ।

12. कुनै पनि विद्युतीय उपकरण राख्नु निषेध छ।

13. परीक्षार्थीले बोर्डले दिएको निर्देशको पूर्ण रूपले पालन गर्नु पर्ने छ। कुनै तरिकाले नियम उल्लङ्घन भएमा बोर्डको नियमअनुसार दण्डको व्यवस्था गरिने छ।

14. प्रश्न पुस्तिकाको कुनै खण्ड च्यात्न वा अलग्गै पारी फटाउन पाइने छैन।

15. **परीक्षाको समाप्तिपछि परीक्षार्थीले सबै प्रकारले उत्तर पुस्तिका परीक्षकलाई बुझाउनु पर्ने छ तब मात्रै परीक्षा भवन छोड्न पाइने छ। परीक्षार्थीले कुनै पनि OMR उत्तर पुस्तिका साथमा लान पाउने छैनन्।**

## निम्नलिखित निर्देशों को ध्यान से पढ़ें :

1. जिस प्रकार से विभिन्न प्रश्नों के उत्तर दिए जाने हैं उसका वर्णन परीक्षा पुस्तिका में किया गया है, जिसे आप प्रश्नों का उत्तर देने से पहले ध्यान से पढ़ लें।
2. प्रत्येक प्रश्न के लिए दिए गए चार विकल्पों में से सही उत्तर के लिए OMR उत्तर पत्र के **पृष्ठ-2** पर केवल एक वृत्त को ही पूरी तरह **नीले/काले बॉल पॉइन्ट पेन** से भरें। एक बार उत्तर अंकित करने के बाद उसे बदला नहीं जा सकता है।
3. परीक्षार्थी सुनिश्चित करें कि इस OMR उत्तर पत्र को मोड़ा न जाए एवं उस पर कोई अन्य निशान न लगाएँ। परीक्षार्थी अपना अनुक्रमांक OMR उत्तर-पत्र में निर्धारित स्थान के अतिरिक्त अन्यत्र न लिखें।
4. परीक्षा पुस्तिका एवं OMR उत्तर पत्र का ध्यानपूर्वक प्रयोग करें, क्योंकि किसी भी परिस्थिति में (केवल परीक्षा पुस्तिका एवं OMR उत्तर पत्र के कोड या संख्या में भिन्नता की स्थिति को छोड़कर) दूसरी परीक्षा पुस्तिका उपलब्ध नहीं करायी जाएगी।
5. परीक्षा पुस्तिका/OMR उत्तर पत्र में दिए गए परीक्षा पुस्तिका कोड व संख्या को परीक्षार्थी सही तरीके से उपस्थिति-पत्र में लिखें।
6. OMR उत्तर पत्र में कोडित जानकारी को एक मशीन पढ़ेगी। इसलिए कोई भी सूचना अधूरी न छोड़ें और यह प्रवेश-पत्र में दी गई सूचना से भिन्न नहीं होनी चाहिए।
7. परीक्षार्थी द्वारा परीक्षा हॉल/कक्ष में प्रवेश-पत्र के सिवाय किसी प्रकार की पाठ्य-सामग्री, मुद्रित या हस्तलिखित, कागज़ की पर्चियाँ, पेजर, मोबाइल फोन, इलेक्ट्रॉनिक उपकरण या किसी अन्य प्रकार की सामग्री को ले जाने या उपयोग करने की अनुमति नहीं है।
8. मोबाइल फोन, बेतार संचार युक्तियाँ (स्विच ऑफ अवस्था में भी) और अन्य प्रतिबंधित वस्तुएँ परीक्षा हॉल/कक्ष में नहीं लाई जानी चाहिए। इस सूचना का पालन न होने पर इसे परीक्षा में अनुचित साधनों का प्रयोग माना जाएगा और परीक्षार्थी विरुद्ध कार्यवाही की जाएगी, परीक्षा रद्द करने सहित।
9. पूछे जाने पर प्रत्येक परीक्षार्थी, निरीक्षक को अपना प्रवेश-पत्र दिखाएँ।
10. केन्द्र अधीक्षक या निरीक्षक की विशेष अनुमति के बिना कोई परीक्षार्थी अपना स्थान न छोड़ें।
11. कार्यरत निरीक्षक को अपना OMR उत्तर पत्र दिए बिना एवं उपस्थिति-पत्र पर दुबारा हस्ताक्षर किए बिना परीक्षार्थी परीक्षा हॉल/कक्ष नहीं छोड़ेंगे। यदि किसी परीक्षार्थी ने दूसरी बार उपस्थिति-पत्र पर हस्ताक्षर नहीं किए, तो यह माना जाएगा कि उसने OMR उत्तर पत्र नहीं लौटाया है और यह अनुचित साधन का मामला माना जाएगा। **परीक्षार्थी अपने बाएँ हाथ के अंगूठे का निशान उपस्थिति-पत्र में दिए गए स्थान पर अवश्य लगाएँ।**
12. इलेक्ट्रॉनिक/हस्तचालित परिकलक का उपयोग वर्जित है।
13. परीक्षा हॉल/कक्ष में आचरण के लिए परीक्षार्थी परीक्षण संस्था के सभी नियमों एवं विनियमों द्वारा नियमित हैं। अनुचित साधनों के सभी मामलों का फैसला परीक्षण संस्था के नियमों एवं विनियमों के अनुसार होगा।
14. किसी भी परिस्थिति में परीक्षा पुस्तिका और OMR उत्तर पत्र का कोई भाग अलग न करें।
15. **परीक्षा सम्पन्न होने पर, परीक्षार्थी हॉल/कक्ष छोड़ने से पूर्व OMR उत्तर पत्र निरीक्षक को अवश्य सौंप दें।** ***परीक्षार्थी अपने साथ इस परीक्षा पुस्तिका को ले जा सकते हैं।***

## READ THE FOLLOWING INSTRUCTIONS CAREFULLY :

1. The manner in which the different questions are to be answered has been explained in the Test Booklet which you should read carefully before actually answering the questions.
2. Out of the four alternatives for each question, only one circle for the correct answer is to be darkened completely with **Blue / Black Ball Point Pen** on **Side-2** of the OMR Answer Sheet. The answer once marked is not liable to be changed.
3. The candidates should ensure that the OMR Answer Sheet is not folded. Do not make any stray marks on the OMR Answer Sheet. Do not write your Roll No. anywhere else except in the specified space in the OMR Answer Sheet.
4. Handle the Test Booklet and OMR Answer Sheet with care, as under no circumstances (except for discrepancy in Test Booklet Code or Number and OMR Answer Sheet Code or Number), another set will be provided.
5. The candidates will write the correct Test Booklet Code and Number as given in the Test Booklet/OMR Answer Sheet in the Attendance Sheet.
6. A machine will read the coded information in the OMR Answer Sheet. Hence, no information should be left incomplete and it should not be different from the information given in the Admit Card.
7. Candidates are not allowed to carry any textual material, printed or written, bits of papers, pager, mobile phone, electronic device or any other material except the Admit Card inside the examination hall/room.
8. Mobile phones, wireless communication devices (even in switched off mode) and the other banned items should not be brought in the examination halls/rooms. Failing to comply with this instruction, it will be considered as using unfair means in the examination and action will be taken against the candidate including cancellation of examination.
9. Each candidate must show on demand his/her Admit Card to the Invigilator.
10. No candidate, without special permission of the Centre Superintendent or Invigilator, should leave his/her seat.
11. The candidates should not leave the Examination Hall/Room without handing over their OMR Answer Sheet to the Invigilator on duty and sign the Attendance Sheet twice. Cases where candidate has not signed the Attendance Sheet second time will be deemed not to have handed over the OMR Answer Sheet and dealt with as an unfair means case. **The candidates are also required to put their left hand THUMB impression in the space provided in the Attendance Sheet.**
12. Use of Electronic/Manual Calculator is prohibited.
13. The candidates are governed by all Rules and Regulations of the Examining Body with regard to their conduct in the Examination Hall/Room. All cases of unfair means will be dealt with as per Rules and Regulations of the Examining Body.
14. No part of the Test Booklet and OMR Answer Sheet shall be detached under any circumstances.
15. **On completion of the test, the candidate must hand over the OMR Answer Sheet to the Invigilator in the Hall / Room.** ***The candidates are allowed to take away this Test Booklet with them.***